भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ,दैलेख
कर्णाली प्रदेश,नेपाल

वेस्तडा, दैलेख
कर्णाली प्रदेश, नेपाल

## नदीजन्य पदार्थ संकलन तथा विक्री वितरण गरी आय संकलन गर्ने कार्यको ठेक्का बन्दोवस्त सम्बन्धी सूचना

(दोस्रो पटक प्रकाशित मिति : २०७६।०५।१९)

भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालयबाट स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) ६ बमोजिम यस गाउँपालिका क्षेत्रभित्र पर्ने तपसिल बमोजिमको स्थानहरुबाट नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल आदी संकलन तथा विक्री वितरण गरी आन्तरिक आय संकलन गर्ने कार्य ठेक्का बन्दोबस्तद्धारा गर्नुपर्ने भएकोले ईच्छुक फर्महरुले देहायको शर्तको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नहुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल :

१) यो सूचना प्रकाशित भएको मितिले ९ औं दिनको कार्यालय समयसम्म दरभाउपत्र फारम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको इजाजतपत्रको प्रमाणित प्रतिलिपि, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मूल्य अभिवृद्धिकरमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, आ.व. २०७४।०७५ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि, उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपि नियमानुसारको तपसिलमा उल्लेख बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) निवेदन साथ पेश गरेपछि नियमानुसार बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

२) बोलपत्र खरिद गर्ने फर्महरुले संकलनस्थल र कामको सम्बन्धमा राम्ररी बुझि बोलपत्र भरेको मानिनेछ ।

३) खरिद गरिएका बोलपत्र फारमको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशित भएको मितिले १० औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्र दर्ता गराउनु पर्नेछ ।

४) बोलपत्र फारम साथ बोलपत्र जमानत वापत बोलपत्रदाताले कबोल गरेको अंकको ५% (पाँच प्रतिशत) रकम यस गाउँपालिकाको कार्यालयको नाममा प्रभु बैंक, भगवतीमाई शाखामा रहेको धरौटी खाता हि.नं. १७७००२०१०९३२८८००००४ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा दाखिला गरेको नगदी रसिद वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मितिदेखी) नेपाल सरकारको मान्यता प्राप्त बैंकबाट जारी भएको बोलपत्र जमानत संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा बोलपत्र जमानत यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिईनेछ ।

५) दर्ता हुन आएका शिलवन्दी बोलपत्र फारमहरु यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा १० औं दिनको २:०० बजे खोलिने छ । तर निजहरुको अनुपस्थितिमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन् । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६) प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन् । बोलपत्रमा प्रत्येक आईटम दररेट भ्याट बाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७) बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्वन्धी सूचना संशोधन भएमा यस कार्यालयको वेवसाईट तथा सूचना पाटीमा टाँस गरिनेछ ।

९) अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधित) अनुसार हुनेछ ।

१०) बोलपत्र सम्बन्धि थप जानकारीका लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

११) ठेक्का बन्दोबस्तीको लागि फर्म छनौट भइसके पश्चात कवोल अंक रकम एकमुष्ट रुपमा अग्रिम जम्मा गर्नुपर्ने छ । यस बापत जम्मा कबुल अंकको ५ प्रतिशत रकम छुट दिईने छ ।

| ठेक्का नं. | शिर्षक | न्यूनतम ठेक्का अंक रु. | बोलपत्र दस्तुर रु. | बोलपत्र जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १।०७६।०७७ | लोहोरे खोलाको बैतडी खोलादेखी उत्तर (भगवतीमाई गा.पा. वडा नं. ७ वडाभैरव तर्फको खण्ड) तथा कट्टी खोलाको सम्पूर्ण क्षेत्र । | ५५०००० | १०००। | कवोल अंकको ५ प्रतिशत रकम | |

प्रमुख प्रशासकिय अधिकृत